स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आँचल शर्माले नेपाली रजतपटमा पाइला टेकेको ११ वर्ष बितिसकेको छ। "नाइँ नभन्नु ल-४" बाट डेब्यु गरेकी आँचलले यो अवधिमा ११ वटा फिल्ममा अभिनय गरिसकिन्। "छिँगेदाउ-२" उनी अभिनित पछिल्लो फिल्म हो। यो पहिलो भागको सिक्वेल हो। सामान्यतया अन्य कलाकारलाई जस्तै आँचललाई पनि फिल्म रिलिजको समय नजिकिँदै जाँदा मनमा डर उत्पन्न हुन्छ। तर यसपटक चाहिँ उनलाई त्यस्तो मुटु नै ढुकढुक हुनेगरी डर लागेको छैन रे।

आजको विचार...



अहंकारको...
(दुई पेजमा)

रमेशप्रसाद तिमल्सिना

एलिना चौहानको "नौरती फुली" साउनको पहिलो साता सार्वजनिक भएको थियो। गीतमा एलिनासहित रचना रिमाल, मेलिना मैनाली र दिपिका बयम्बुको स्वर छ। दीपक शर्माको शब्द/संगीत रहेको गीतमा उदयराज पौडेलले संगीत संयोजन गरेका छन्। भिडिओमा गायिकाहरू स्वयं पनि देखिएका छन् भने स्मारिका ढकाल, जुना सुन्दास, सञ्चिता बोलखे र रिना थापा फिचर्ड छन्। भिडिओ निर्देशन तथा कोरियोग्राफी मौसम हिमालीले गरेका हुन्। दुर्गा पौडेलको छायांकन, नवीन घर्ती मगरको सम्पादन छ।



❒ वर्ष ३२ ❒ अंक ५७ ❒ २०८३ भदौ २७ गते शनिबार 12 September 2026, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### ड्रोन आक्रमणमा ५ जनाको मृत्यु, ६७ घाइते

एजेन्सी

**किभ,** भदौ २६/ युक्रेनको पाभ्लोह्राद सहरमा रुसी ड्रोनले सपिङ मललाई निशाना बनाएर आक्रमण गर्दा कम्तीमा ५ जनाको मृत्यु भएको छ । यस घटनामा अरु ६७ जना घाइते भएका छन् । घाइतेमध्ये ८ जना बालबालिका रहेको डिनिप्रोपेत्रोभ्स्क क्षेत्रका गभर्नर ओलेक्सान्द्र हान्झाले बताएका छन् । युक्रेनी अधिकारीका अनुसार बिहीबार दिउँसो मानिसहरूको चहलपहल रहेको समयमा ड्रोन आक्रमण भएको थियो । आक्रमणमा सपिङ मल आसपासका पसल तथा सवारीसाधनमा क्षति पुगेको बताइएको छ । घटनापछि ठूलो आगलागी भएको थियो भने उद्धारकर्मीहरूले घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिएका थिए । आक्रमणका बेला सडकमा मानिसहरूको बाक्लो उपस्थिति रहेको युक्रेनका आन्तरिक मामिलामन्त्री इभान व्यहिभ्स्कीले बताएका छन् । उनका अनुसार रुसी ड्रोनले सर्वसाधारणको चहलपहल रहेको क्षेत्रमा आक्रमण गरेको हो । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आक्रमणमा ज्यान गुमाउनेका परिवार तथा आफन्तप्रति समवेदना व्यक्त गरेका छन् ।

# भोटेकोशी बाढी : डीएनए परीक्षण तीव्र

राष्ट्रिय समाचार समिति

**रूपन्देही,** भदौ २६/ भोटेकोशी बाढीमा परी मृत्यु भएका नेपाली तथा विदेशी नागरिकका शवको पहिचानका लागि नेपाल प्रहरीले 'डीएनए' नमुना सङ्कलन तथा परीक्षणलाई तीव्रता दिएको छ । शव पहिचानका क्रममा त्रुटि नहोस् भन्ने उद्देश्यले नेपाल प्रहरीले आधुनिक 'फोरेन्सिक' विधि डिएनए प्रोफाइलिङमार्फत नमुना परीक्षणलाई सूक्ष्म र व्यवस्थित रूपमा अगाडि बढाएको हो ।

नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला, सामाखुशीले बाढी प्रभावित क्षेत्र तथा मृतकका आफन्तबाट सङ्कलन भई प्राप्त भएका'डीएनए' नमुनाको परीक्षण गरिरहेको छ । नमुना सङ्कलनदेखि सुरक्षित भण्डारण र परीक्षणसम्मका प्रक्रियामा वैज्ञानिक मापदण्ड तथा उपलब्ध प्रविधिको प्रयोग गरिएको प्रहरीले जनाएको छ । प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अभिनारायण काफ्लेले विपद्पछिको खोज,



उद्धार तथा शव पहिचानलाई प्रहरीले प्राथमिकताका साथ अघि बढाइरहेको बताए ।प्रयोगशालाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक योगबहादुर पालका अनुसार बाढी प्रभावित क्षेत्रबाट मृतकका नमुना तथा आफन्तबाट सङ्कलित नमुना प्राप्त हुनेक्रम जारी छ ।"बाढी प्रभावित क्षेत्रबाट सङ्कलित मृतकका नमुना र आफन्तबाट सङ्कलित नमुना आउनेक्रम जारी छ । सङ्कलित नमुनालाई सुरक्षित भण्डारण गर्नुका साथै परीक्षणसम्बन्धी सम्पूर्ण मापदण्ड पूरागरी डीएनए परीक्षणमा अहोरात्र खटिएर कार्य गरिरहेका छौँ", उनले भने ।प्रयोगशालामा हालसम्म मृतकका आफन्त तथा अन्य स्रोतबाट प्राप्त ८०८ वटा रगतका नमुना, मृतकका दाँत तथा हड्डीबाट सङ्कलित ३४८ वटा नमुना र ८४ वटा मृतकका औँलाछापसम्बन्धी नमुना गरी जम्मा एक हजार २४० वटा नमुना 'डीएनए' तथा सम्बन्धित फोरेन्सिक परीक्षणका लागि प्राप्त भएको प्रहरीले जनाएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

# एक सय ९३ नयाँ कुष्ठरोगी फेला

**बाँके,** भदौ २६/गत आर्थिक वर्ष ०८२/०८३ मा १९३नयाँ कुष्ठरोगी फेला परेका छन् । बाँकेको जानकी गाउँपालिका-३, मानपुरमा अवस्थितसाइनिङ अस्पतालमा कुष्ठरोगबाट प्रभावित १९३ नयाँ बिरामी फेला परेका हुन् ।

तीमध्ये ८१ जना बाँकेका बिरामी रहेको साइनिङ अस्पतालका प्रमुख मङ्गल थारुले जानकारी दिए । उनका अनुसार पहिचान भएकामध्ये ६२ प्रतिशतबिरामीमा कुष्ठरोगको कीटाणु पत्ता लागेको हो । बाँके, बर्दिया र अन्य पहाडीजिल्लाबाट स्वास्थ्य परीक्षण गराउन आएका बिरामीमा उक्त रोगका कीटाणु देखिएको थियो । "बाँके जिल्लामा कुष्ठरोग प्रकोप दर घटेको छैन, प्रत्येक वर्ष नयाँ बिरामी फेलापर्ने दर बढ्दै गएको छ", अस्पताल प्रमुख थारुले भने, "लुम्बिनी प्रदेशमै बाँके उच्चजोखिममा रहेको छ ।"साइनिङ अस्पतालले कुष्ठरोगीको पहिचान, अपाङ्गता रोकथाम तथाउपचार, कुष्ठरोग सम्पर्क परीक्षण, समुदायस्तरमा छाला तथा कुष्ठरोग पहिचान शिविर,स्वास्थ्यकर्मीका लागि क्षमता अभिवृद्धि तालिम, समुदायमा कुष्ठरोग सचेतना कार्यक्रम,नि:शुल्क उपचार सेवालगायत गतिविधि गर्दै आएको छ ।आर्थिक वर्ष ०८१/८२ मा १७४ र ०८०/८१ मा१४६ नयाँ कुष्ठरोगी पहिचान गरी उपचारका लागि विभिन्न स्वास्थ्य संस्थामा उपचारका लागिपठाइएको छ । स्वास्थ्य कार्यालय बाँकेका प्रमुख सुनिता पौडेलले समाजमा कुष्ठरोगीलाईगरिने व्यवहार, लाञ्छना र विभेद हट्न नसकेको बताउँदै राज्यले जनचेतना जगाउन र नयाँबिरामी पत्ता लगाउन थप नयाँ नीति तथा कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए।सरकारकोकुष्ठरोग निवारण विशेष नीति तथा कार्यक्रम नभएकोले सरकारी स्वास्थ्य संस्था नयाँबिरामी पत्ता लगाउन साइनिङ अस्पताल, आइएनएफजस्ता संस्थाको सहयोग लिनुपर्ने बाध्यता छ ।

# आज विश्व प्राथमिक उपचार दिवस मनाइँदै

**पाल्पा,** भदौ २६/ आज विश्व प्राथमिक उपचार दिवस मनाइँदैछ । नेपालसहित विश्वभर विगतमा जस्तै विभिन्न कार्यक्रम गरी दिवस मनाउन लागिएको हो ।

प्राथमिक उपचारको महत्वका विषयमा समुदायमा चेतना अभिवृद्धि गर्ने र प्राथमिक उपचार गर्ने स्वयंसेवकहरूलाई सम्मान गरी उत्प्रेरणा बढाउने उद्देश्यले हरेक वर्ष सेप्टेम्बर महिनाको दोस्रो शनिवार विश्व प्राथमिक उपचार दिवस मनाइन्छ । देशभर प्राथमिक उपचार पद्धतिको विकास गरि मृत्युदर कम गर्ने, स्वास्थ जनचेतना फैलाउने, देशमा स्वास्थ्यमा परिवर्तनको संवाहक बन्दै देशका लागि केही योगदान दिने दिवसको उद्देश्य रहेको छ । प्राथमिक उपचार भनेको दुर्घटनामा परेका व्यक्तिलाई उसको समस्याको सही आंकलन गरी त्यसको निदानका लागि तुरुन्तै प्रदान गरिने सेवा हो । अर्को अर्थमा भन्दा कुनै व्यक्तिलाई चोटपटक लागेपछि वा ऊ बिरामी भएपछि अस्पताल पुऱ्याउनुअघि गरिने सबैभन्दा




सुरुको उपचार पद्धतिलाई प्राथमिक उपचार भनिन्छ । कुनै पनि दुर्घटनामा घाइते हुनेलाई बचाउन प्राथमिक उपचारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । दिवसमा प्राथमिक उपचार ज्ञान र सीपको प्रवर्द्धन गर्ने खालका अभिमूखीकरण, कृत्रिम घटना अभ्यास, आकस्मिक प्राथमिक उपचार सीप प्रवर्द्धन लगायतका गतिविधिहरू आयोजना गर्ने गरिन्छ । नेपालमा हरेक वर्ष सयौं जनाले सडकमा हुने दुर्घटनाका कारण ज्यान गुमाउने गरेका छन् । दुर्घटनामा घाइते बन्न पुगेकाहरूलाई सामान्य प्राथमिक उपचार प्रदान गर्ने हो भने पनि उसको ज्यान जोगिने सम्भावना बढेर जान्छ । सानादेखि ठूलासम्मका दुर्घटनामा घाइते हुन पुगेकालाई प्राथमिक उपचार दिने हो भने उसको ज्यान जोगाउन पनि सहज हुन्छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## प्राथमिक उपचार जान्न आवश्यक

प्राथमिक उपचार भनेको दुर्घटनामा परेका व्यक्तिलाई उसको समस्याको सही आकलन गरी त्यसको निदानका लागि तुरुन्तै प्रदान गरिने सेवा हो । अर्को अर्थमा भन्दा कुनै व्यक्तिलाई चोटपटक लागेपछि वा ऊ बिरामी भएपछि अस्पताल पुऱ्याउनुअघि गरिने सबैभन्दा सुरुको उपचार पद्दतिलाई प्राथमिक उपचार भनिन्छ । दुर्घटना, चोटपटक, आगलागी, प्राकृतिक विपत्ति वा अचानक स्वास्थ्य समस्या–यस्ता घटना कहिले र कहाँ हुन्छन् भन्ने निश्चित हुँदैन् । आपत्कालीन अवस्थामा अस्पताल वा स्वास्थ्य संस्था पुग्न समय लाग्न सक्छ । त्यस्तो अवस्थामा घाइते वा बिरामीलाई दिइने प्रारम्भिक सहयोग अर्थात् प्राथमिक उपचारले जीवन बचाउन र अवस्था थप जटिल हुन नदिन महत्वपूर्ण भूमिका खेल्छ । त्यसैले प्राथमिक उपचारलाई केवल स्वास्थ्यकर्मीको विषयका रूपमा सीमित नगरी प्रत्येक नागरिकको आधारभूत सीपका रूपमा विकास गर्न आवश्यक छ । प्राथमिक उपचारको उद्देश्य चिकित्सकको उपचारलाई प्रतिस्थापन गर्नु होइन, बरु स्वास्थ्यकर्मीको सहायता प्राप्त नहुँदासम्म घाइतेको अवस्था स्थिर राख्नु हो । रक्तस्राव रोक्ने, बेहोस व्यक्तिको श्वासप्रश्वास जाँच गर्ने, सामान्य चोटमा उचित उपचार गर्ने, जलनमा तत्काल आवश्यक कदम चाल्ने वा आपत्कालीन अवस्थामा सही ढंगले सहयोग गर्ने जस्ता सामान्य ज्ञानले पनि अमूल्य जीवन जोगाउन सक्छ । तर गलत तरिकाले गरिएको प्राथमिक उपचारले फाइदाभन्दा बढी क्षति पुऱ्याउन सक्ने भएकाले सही ज्ञान र अभ्यास उत्तिकै महत्वपूर्ण हुन्छ । प्राथमिक उपचार बारेमा सचेतना र ज्ञान प्रदान गर्न हरेक वर्ष सेप्टेम्बर महिनाको दोस्रो शनिबार विश्व प्राथमिक उपचार दिवस मनाउने गरिन्छ । यस वर्षाको दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ ।

प्राथमिक उपचारले बिरामी अथवा घाइतेलाई तत्काल राहत तथा मानसिक रूपमा खतरामुक्त भएको महशुस गराउन मद्दत गर्दछ । नेपालमा पनि हरेक वर्ष सयौं जनाले सडकमा हुने दुर्घटनाका कारण ज्यान गुमाउने गरेका छन् । दुर्घटनामा घाइते बन्न पुगेकाहरूलाई सामान्य प्राथमिक उपचार प्रदान गर्ने हो भने पनि उसको ज्यान जोगिने सम्भावना बढेर जान्छ । सानादेखि ठूलासम्मका दुर्घटनामा घाइते हुन पुगेकालाई प्राथमिक उपचार दिने हो भने उसको ज्यान जोगाउन पनि सहज हुन्छ । प्राकृतिक विपत्तिदेखि दुर्घटनाको अवस्थामा मानिसहरू निकै आत्तिने, र जसोतसो अस्पताल पुऱ्याउन हतारो गर्दछन् । यस्तो प्रवृत्तिले कतिपय अवस्थामा विरामीको ज्यानै जानेदेखि उपचार प्रक्रिया निकै जटिल पनि हुन सक्दछ । त्यसको बदलामा घटनास्थलमा उपलब्ध मानिसले घटनास्थल र विरामीको राम्रो मूल्यांकन गरी जति सक्दो छिटो प्राथमिक उपचार दिनुपर्दछ । त्यसैले प्राथमिक उपचार दिवसलाई औपचारिक कार्यक्रम र नारामा मात्र सीमित नराखी प्रत्येक नागरिकलाई आधारभूत प्राथमिक उपचार सिकाउने अभियानका रूपमा अघि बढाउनुपर्छ । जीवन बचाउने अवसर धेरैपटक अस्पताल पुग्नुअघि नै आउँछ । त्यस अवसरलाई सदुपयोग गर्न प्रत्येक नागरिक प्राथमिक उपचारमा दक्ष बन्नु आजको आवश्यकता हो ।

## Opinion @ Social Network

समयले धेरै कुरा सिकाउँदैछ,
अब हरेक कुरामा प्रतिक्रिया होइन, शान्त भएर अगाडि बढ्न सिक्दैछु।
*(जुनु मगरको फेसबुक स्टाटसबाट www.facebook.com/Junu.Magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अहंकारको आयु लामो हुँदैन



रमेशप्रसाद तिमल्सिना

*स्थानीय तहका जनप्रतिनिधि पनि जनताकै मतबाट निर्वाचित भएर आएका हुन् । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरप्रमुख, उपप्रमुख, वडाध्यक्षदेखि वडा सदस्यसम्म कसैलाई पनि बन्द कोठाबाट नियुक्त गरिएको होइन । उनीहरू पनि जनतासँग प्रत्यक्ष अनुमोदित भएर आएका प्रतिनिधि हुन् । त्यसैले संघीय संसद्को निर्वाचन जितेको आधारमा स्थानीय जनप्रतिनिधिको राजनीतिक वैधता वा जनादेशलाई होच्याउने अधिकार कसैलाई हुँदैन । हरेक नागरिकको मतको सम्मान लोकतन्त्रमा मात्रै हुन्छ । यो जंगली राज होइन त्यसैले मतको सम्मान गर्न सबैले जान्नुपर्छ र मतादेश सबैले मान्नुपर्छ । झन् रोचक कुरा के छ भने नेपालको राजनीतिमा पटकपटक जनताबाट अनुमोदित भएका नेताहरूको उदाहरण हामी सामु छ । शेरबहादुर देउवा २०४८ सालदेखि डडेल्धुराबाट लगातार प्रतिनिधिसभा तथा संविधानसभा निर्वाचनमा विजयी हुँदै आउनुभएको छ । उहाँले जति पटक टिकट पाउनुभयो त्यति नै पटक चुनाव जित्नुभयो ।*

'तपाईलाई राजनीतिक चेतना र घमण्ड छ भने, प्रत्यक्ष जनतासँग अनुमोदन भएर आउनुहोला, बन्द कोठामा बसेर धेरै फुर्फुर नगर्नु होला ।' राहत तथा उद्धारको प्रसंगमा सांसद राजु पाण्डेको यो अभिव्यक्तिले एउटा गम्भीर राजनीतिक प्रश्न उठाएको छ- जनताको मतबाट निर्वाचित हुनेहरूबीच नै कसरी यति ठूलो र सानोको भावना जन्मिन्छ ? कसरी दम्भले डेरा जमाउँछ ? कसरी अहङ्कारको उत्पति हुन्छ ? पाण्डे सांसद हुनुहुन्छ । चुनाव जितेरै आउनुभएको हो तर उहाँमात्र चुनाव जितेर आउनुभएको होइन । यो कुरा उहाँले पटकपटक बिर्सनुभएको देखिन्छ । चाहे डोजर लिएर आफैं दौडिरहेका बेलामा होस् चाहे विभिन्न टेलिभिजनमा अन्तर्वार्ता दिने क्रममा नै किन नहोस् ? उहाँ जोड दिएर भनिरहनुहुन्छ-म त जनताबाट निर्वाचित भएर आएको प्रतिनिधि हुँ । के त्यसो भए देशभरमा स्थानीय जनप्रतिनिधि कसैको निगाहामा खादामाला लगाएर आएका हुन् ? सायद यो प्रश्नको उत्तर दिने उहाँसँग समय छैन होला । सांसद आशिका तामाङलगायत केही सांसदले चुनाव जितेर आएको मान्छे भन्दै कहिले स्थानीय तहका जनप्रतिनिधिलाई त कहिले अरूलाई लल्कारिरहेको सामाजिक सञ्जालहरूमा आएका भिडियोका टुक्राटुक्रीबाट प्रष्टिन्छ । बेलाबेलामा उहाँहरू आफैं पनि फेसबुक वालमा लेख्नुहुन्छ । जसले अहंकार र दम्भको ज्वाला दन्किरहेको देखिन्छ । यो लोकतन्त्र सुहाउँदो व्यवहार होइन । अझ भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले त विपद्का बेलामा स्थानीय सरकार अटोमेटिक चलायमान नभएको आरोप लगाउनुभएको छ । स्रोतसाधन संघीय सरकारले थुपारेर स्थानीयतहले काम गरेन भन्ने आवाज एक जिम्मेवार मन्त्रीको मुखबाट कसरी निस्केको होला ? आश्चर्यलाग्दो छ । हुन त उहाँलाई सांसद क्रान्तिशिखा धितालले फेसबुकबाटै उत्तर दिइसक्नुभएको छ । जनताले मत दिएको मद होइन । बृहत् नेपाली शब्द कोशले मद भन्नाले धन, सम्पति, रूप, यौवन, अधिकार आदिबाट हुने घमण्ड, अभिमान भनेको छ । स्थानीय तहका जनप्रतिनिधि पनि जनताकै मतबाट निर्वाचित भएर आएका हुन् । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरप्रमुख, उपप्रमुख, वडाध्यक्षदेखि वडा सदस्यसम्म कसैलाई पनि बन्द कोठाबाट नियुक्त गरिएको होइन । उनीहरू पनि जनतासँग प्रत्यक्ष अनुमोदित भएर आएका प्रतिनिधि हुन् । त्यसैले संघीय संसद्को निर्वाचन जितेको आधारमा स्थानीय जनप्रतिनिधिको राजनीतिक वैधता वा जनादेशलाई होच्याउने अधिकार कसैलाई हुँदैन । हरेक नागरिकको मतको सम्मान लोकतन्त्रमा मात्रै हुन्छ । यो जंगली राज होइन त्यसैले मतको सम्मान गर्न सबैले जान्नुपर्छ र मतादेश सबैले मान्नुपर्छ । झन् रोचक कुरा के छ भने नेपालको राजनीतिमा पटकपटक जनताबाट अनुमोदित भएका नेताहरूको उदाहरण हामी सामु छ । शेरबहादुर देउवा २०४८ सालदेखि डडेल्धुराबाट लगातार प्रतिनिधिसभा तथा संविधानसभा निर्वाचनमा विजयी हुँदै आउनुभएको छ । उहाँले जति पटक टिकट पाउनुभयो त्यति नै पटक चुनाव जित्नुभयो । २०८२ को निर्वाचनमा उहाँ उपचारका लागि देश बाहिर हुनुहुन्थ्यो । सायद टिकट पाउनुभएको भए आउनुहुन्थ्यो र चुनाव जित्नुहुन्थ्यो होला । २०८२ भदौको घटना र कांग्रेसको कलहले उहाँलाई चुनाव बाहिरै राखिदियो । केपी शर्मा ओलीले पनि २०४८, २०५१, २०५६, २०७०, २०७४ र २०७९ का निर्वाचनमा विजय हासिल गर्नुभएको छ । अर्थात्, दशकौंको राजनीतिक यात्रामा पटकपटक चुनाव जितेका नेताहरूले समेत आफूलाई जनताभन्दा माथि राख्ने अधिकार पाउँदैनन् भने पहिलो पटक चुनाव जित्दैमा कसै अरूलाई लल्कार्ने अधिकार कहाँबाट आयो ? चुनाव जित्नु लोकतन्त्रमा गौरवको विषय हो तर जित राजनीतिक श्रेष्ठताको प्रमाणपत्र होइन । जनताको मत प्राप्त गर्नु र त्यस मतको अर्थ बुझ्नु दुई फरक कुरा हुन् । जनताले मत दिएर प्रतिनिधि बनाएका हुन्छन्, शासक होइन । पहिलो पटक चुनाव जितेको उत्साह स्वाभाविक हुनसक्छ, तर त्यसलाई अरू जनप्रतिनिधिको जनादेशमाथि प्रश्न उठाउने हतियार बनाउनु राजनीतिक अपरिपक्वता हो । राजनीतिमा एउटा कुरा बिर्सनु हुँदैन- चुनाव हिजो पनि भएको थियो र भोलि पनि हुन्छ । आज विजयी भएको व्यक्ति सधैं विजयी रहँदैन । हिजो जनताबाट लखिटिनेहरू पनि कुनै समय जनताको मत पाएरै कुर्सीमा पुगेका थिए । भोलि आजका विजेतालाई पनि जनताले त्यही मतपत्रमार्फत प्रश्न गर्नेछन् । त्यसैले चुनाव जित्नु जनताको स्थायी अनुमतिपत्र होइन । अर्को चुनाव नआउन्जेलका लागि प्राप्त जिम्मेवारी हो । अहिलेका केही संसद्ले न हिजो चुनाव भएको थियो न भोलि नै हुन्छ भनेजस्तो गरी आफूहरूलाई प्रस्तुत गरिरहनुभएको छ । र, उहाँले अहिले चुनाव जितेपछि आजीवन चुनावै नहुने र आफू सांसद भइरहने जस्तो ठान्नुभएको होला । नेपालमा पञ्चायत कालमा पनि चुनाव भएकै थियो । 'हामीलाई के ठान्या छ, हामी त चुनाव जितेर आएको मान्छे हो' भन्ने दम्भ राजनीतिमा नयाँ होइन तर यस्तो दम्भले जनप्रतिनिधिलाई जनताभन्दा माथि पुऱ्याउँदैन । बरू जनतासँगको दूरी बढाउँछ । सांसद होस् वा स्थानीय जनप्रतिनिधि-सबैको शक्ति एउटै ठाउँबाट आएको हो, जनताको मतबाट । यहाँ एउटा अर्को कुरा पनि स्पष्ट हुनुपर्छ-संघीय सांसद र स्थानीय जनप्रतिनिधिको जिम्मेवारी फरक हो तर लोकतान्त्रिक वैधताको स्रोत फरक होइन । सांसदलाई जसरी जनताले मत दिएर संसद्मा पठाउँछन्, त्यसैगरी स्थानीय तहका जनप्रतिनिधिलाई पनि जनताले मत दिएर आृनो गाउँ, नगर र वडाको जिम्मेवारी दिएका हुन् । संविधानले अधिकार र कार्यक्षेत्र छुट्याएको छ । कसैलाई ठूलो र कसैलाई सानो बनाएको छैन । अझ विपद्को समयमा त तहगत सरकारबीच तँ सानो म ठूलो भन्ने प्रतिस्पर्धा होइन, समन्वय, सहकार्य र साझा जिम्मेवारी आवश्यक हुन्छ । राहत र उद्धारमा स्थानीय तह अग्रपंक्तिमा हुन्छ भने संघीय तथा प्रदेश सरकारको पनि आफ्नै जिम्मेवारी हुन्छ । यस्तो बेला एकअर्कालाई लल्कार्ने होइन, हातेमालो गर्ने हो । आखिर एक हातले ताली बज्दैन । स्रोत व्यवस्थापनमा संघीय सरकारले स्थानीय तहलाई सहजीकरण गर्नुपर्छ । स्रोतको सही परिचालनमा दैलोको सरकार अघि सर्नुपर्छ । यहाँ त स्रोत जति संघीय सरकारले राखेर स्थानीय तहले कामै गरेनन् भन्ने भाष्य बनाएको देख्दा उदेक लाग्छ । स्थानीय सरकारका अधिकारीका आफन्त, गाउँले, कर्मचारी, पदाधिकारी कोही मरेका छन् कोही सम्पर्कविहीन छन् कोही विस्थापित छन् र पनि उनीहरू बेल्चा बोकेर सकिनसकी भुइँ खोस्रिरहेका छन् । जुन काम सलामयोग्य छ । राजनीतिमा चेतना चाहिन्छ तर चेतनाभन्दा ठूलो कुरा विनम्रता हो । जनताले दिएको मतलाई अहंकारको प्रमाणपत्र होइन, सेवाको जिम्मेवारी ठान्न सक्ने राजनीतिक संस्कार चाहिन्छ । जनप्रतिनिधि जनताबाट माथि उठेको व्यक्ति होइन । जनताबाट जिम्मेवारी पाएको व्यक्ति हो । जनताभन्दा फरक होइन । जनताकै माझबाट हुर्केको हो जनतालाई नचिनेको होइन । जनताकै दु:खसुखमा भिजेको हुनु आवश्यक छ । त्यसैले चुनाव जित्दैमा आफूलाई राजनीतिक रूपमा अरूभन्दा ठूलो ठान्नु अराजनीतिक प्रवृत्ति हो । पहिलो जितले कसैलाई इतिहास बनाउँदैन । त्यो त जनताले दिएको पहिलो अवसरमात्र हो । त्यसपछि उसले कस्तो व्यवहार गर्छ, जनताको दु:खमा कति उभिन्छ, आृना सहकर्मी र अन्य तहका जनप्रतिनिधिसँग कस्तो सम्बन्ध राख्छ र जनताको विश्वासलाई कति सम्मान गर्छ-त्यसले उसको राजनीतिक उचाइ निर्धारण गर्छ । शेरबहादुर देउवा र केपी शर्मा ओलीको लामो चुनावी यात्राले पनि यही कुरा सम्झाउँछ । दशकौंदेखि चुनाव जित्दै आएका नेताहरूको राजनीतिक उचाइ उनीहरूले पहिलो पटक चुनाव जितेको दिनबाट होइन, लामो राजनीतिक यात्राबाट बनेको हो । त्यसैले कसैको पहिलो चुनावी विजयलाई दशकौंको राजनीतिक यात्राको बराबरीमा राखेर अरूलाई होच्याउनु आफैंमा हाँस्यास्पद राजनीतिक दम्भ हो । समयले सबैको परीक्षा लिन्छ । आज अरूलाई होच्याउनेले भोलि आफैं जनताको कठघरामा उभिनुपर्ने हुनसक्छ । त्यसैले जनप्रतिनिधिले सम्झनुपर्ने सरल सत्य यही हो-कुर्सी स्थायी होइन, चुनावी विजय स्थायी होइन र जनताको मतमाथि कसैको निजी स्वामित्व हुँदैन । जनताले दिएको मत जितेर आएको अहंकारको प्रमाणपत्र होइन । जनताको सेवा गर्ने जिम्मेवारी हो । चुनावको जितमा फुर्फुर गर्नु सजिलो छ । दोस्रो, तेस्रो र चौथो पटक पनि जनताको विश्वास जितिरहन सक्नु चाहिँ वास्तविक राजनीतिक परीक्षा हो । यही परीक्षाको कठघरामा सांसद पाण्डे, तामाङलगायत सांसदको प्रवेश भइसकेको छ । *(तिमल्सिना साढे दुई दशकदेखि मानवअधिकार पत्रकारितामा क्रियाशील छन् ।)*

*-इहिमालयन डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नर्यांमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जिम्मेवारी सम्हाल्ने अवसर मिल्नेछ। काममा समय छुट्याउँदा समय बच्नेछ। | **तुला**: काममा धारणा स्पष्ट राख्नुहोस्। घरका लागि आवश्यक खर्च गर्नुपर्नेछ। |
| **वृष** : पुरानो चिनजान फेरि जोडिन सक्छ। खानपानमा समयको ख्याल गर्नुहोस्। | **वृश्चिक** : जिम्मेवारीको काम गर्दा सहजता आउनेछ। पानी र आराममा ध्यान दिनुहोस्। |
| **मिथुन** : कुनै महत्वपूर्ण कागजात हात पर्नेछ। काममा तपाईंको दक्षता देखिनेछ। | **धनु** : परिवारसँग रमाइलो समय मिल्नेछ। सवारी साधनको गति नियन्त्रण गर्नुहोस्। |
| **कर्कट** : आवश्यक काम पूरा गर्नुपर्नेछ। बचतमा नयाँ तरिका अपनाउन सकिनेछ। | **मकर** : जिम्मेवारी पूरा हुँदा मन हलुका हुनेछ। खर्चको हिसाब मिलाउन सकिनेछ। |
| **सिंह** : कार्यस्थलमा तपाईंको निर्णयलाई महत्व दिइनेछ। कामको अवसर खुल्न सक्छ। | **कुम्भ**: काममा राम्रो परिणाम आउनेछ। काम गर्ने तरिका बदल्न सक्छ। |
| **कन्या** : थन्किएको काम अघि बढ्ने समय हो। कागजी प्रक्रियामा सफलता मिल्नेछ। | **मीन** : आवश्यक खर्च छुट्याउन सफल हुनुहुनेछ। मनमा शान्ति छाउनेछ। |

# साहित्य दर्पण

हास्यव्यङ्ग्य — शिखण्डी

## गोमन साँप जस्तै तरकारी र आँप ?

गिरधारी निस्केर गयो । गएको केहि समयदेखि मलाई, वास्तवमा म यतिखेर नयां नेपालको अति प्रदुषित, अधिक विषादीयुक्त राजधानी काठमाण्डौमा बसिरहेको छुं भन्ने अनुभव भइ रहेको छ । गएको तीस वर्ष अगाडि नेपाल खाल्डो छिर्दा पंचायती राज्यको राजधानी थियो यो खाल्डो । त्यसबेला केही समयका लागि मात्रै यो खाल्डोमा आइएको थिइयो । किनभने नेपाल खाल्डो भनेको बस्ने ठाउँ होइन भन्ने बाजेका मुखारविन्दबाट सुनिँदै आइएको थियो । बाजे सात दिनलाई राजधानी आउँथे र चौथो दिन गाउँ फर्कि सक्थे । बाजेबाट त्यस किसिमको स्कुलीङ्ग प्राप्त यो तोरीलाहुरेको मन पनि काठमाण्डौमा लामो समय रहने थिएन । तर अचम्म, राजधानीको चुम्बकले यसलाई यसरी तान्यो कि आजसम्म यो राजधानी खाल्डोमै टाँसीएर रहेको छ । यो त भो पँचायत कालको कुरो । त्यस पछि बहुदलीय प्रजातन्त्रीक राज्यको (जो सधैं शिशु प्रजातन्त्रकै अवस्थामा रह्यो, २०६३ को शुरुवात सम्मै) राजधानी भयो, यो नेमुनीको खाल्डो । अहिले संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको अति विकसित, दुर्गन्धीत, प्रदुषित, विषादितलगायतका विशेषण जडित् राजधानी भएको छ, काठमाण्डौ खाल्डो । गणतन्त्र भन्ने शब्द छिमेकी मुलुकका अथवा त्यो भन्दा पनि परका मुलुकका समाचारहरुमा सुन्दै आएको हामीले । यसरी आफ्नै देशको नाम अगाडि संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल र राजाको बदलामा राष्ट्रपति सुन्न पाउंनु पनि हाम्रोलागि भाग्य कै कुरो हो । यसलाई तपाईहरुको मात्रै हैन शिखण्डीको भाग्य पनि दह्रो नै रैछ भनेर त भन्नै पर्छ जस्तो लाग्छ, हैन ? किनभने भाग्य दह्रो नभएको भए यसरी अहिलेका कमालका चर्तिकलाहरु कसरी हेर्न पाइन्थ्यो होला र । गणतन्त्रमा गनतन्त्र, रणतन्त्र, डनतन्त्र, धनतन्त्रलगायतका तन्त्रहरुको स्वाद क्या मज्जाले उपभोग गर्न पाइएको छ ! यो पनि त भाग्य नै हो तपाई हाम्रो । यति सानो समयमा यति ज्यादा सुख ! म तपाईंलाई सुनाउँ, पहिले खाल्डोमा गाडिनै चल्थेन, खाल्डोमा रहेका केही पेट्रोल साहुहरु दिनभरी ग्राहक कुर्दा कुर्दाको हैरान हुन्थे । पंचायतकाल त्यस्तो थियो । बहुदलमा फेरबदलनै ब्यापक भो । कहिले गोरे कालेसंग त कहिले काले गोरेसंग । कहिले दांयां बायांसंग त कहिले बांयां दायांसंग । 'सबैलाइ पालैपिलो मौका र मौकामा चौका पार्ने दाउ, सबै आउ, गरि खाउ र माल बनाउ,' छन्द कविका छन्द कविता जस्तै । तीस वर्ष अगाडिको नेपाल खाल्डो कति चिसो कति । पानी पनि फालाफाल । गाडी पनि यति कम की राजधानी जस्तै नलाग्ने । बहुदल आए पछि त यो चिसो खाल्डोमा नभएका लामखुट्टेहरुले, गर्मीले, भिडभाडले, पानी र पेट्रोलको हाहाकारले, फोहोरको दुर्गन्धले आम नेपालीलाई दु:ख दिन थाल्यो । राजधानीको फोहोर भन्दा पनि दुर्गन्धपूर्ण भ्रष्टाचारले पो बहुदल भनेको यस्तो हुन्छ भन्ने मान्यता स्थापित गर्दै लग्यो । अनि यसरी देखिँदै गो अलिक फरक खालको बहुदलीय राजधानी । गणतन्त्रको गर्भाधान संगै खाल्डोमा झन अभावै अभाव भित्रिए पछि अब

> *बाजेबाट त्यस किसिमको स्कुलीङ्ग प्राप्त यो तोरीलाहुरेको मन पनि काठमाण्डौमा लामो समय रहने थिएन । तर अचम्म, राजधानीको चुम्बकले यसलाई यसरी तान्यो कि आजसम्म यो राजधानी खाल्डोमै टाँसीएर रहेको छ । यो त भो पँचायत कालको कुरो । त्यस पछि बहुदलीय प्रजातन्त्रीक राज्यको (जो सधैं शिशु प्रजातन्त्रकै अवस्थामा रह्यो, २०६३ को शुरुवात सम्मै) राजधानी भयो, यो नेमुनीको खाल्डो । अहिले संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको अति विकसित, दुर्गन्धीत, प्रदुषित, विषादितलगायतका विशेषण जडित् राजधानी भएको छ, काठमाण्डौ खाल्डो । गणतन्त्र भन्ने शब्द छिमेकी मुलुकका अथवा त्यो भन्दा पनि परका मुलुकका समाचारहरुमा सुन्दै आएको हामीले । यसरी आफ्नै देशको नाम अगाडि संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल र राजाको बदलामा राष्ट्रपति सुन्न पाउंनु पनि हाम्रोलागि भाग्य कै कुरो हो ।*

चै गणतन्त्र पुरै र पक्कै आएको यस्ले निस्कर्ष निकाल्यो । तैंले किन निष्कर्ष निकाल्ने भन्नु होला तपाईं । खैर, त्यति मात्रै कहां हो र, यो सात आठ वर्षमा चुलीएको महँगाइ, महँगाइसंगैको अभाव र अभावसंगै फैलिएको असुरक्षाले, प्रदुषित वातावरणले, विषादीयुक्त तरकारी र फलफुलको आपूर्तिले अनि युरियामलको प्रयोग भएजस्तै मौलाएको भ्रष्टाचारको खेतीले मलाई सँघीय लोकतान्त्रीक गणतन्त्र नेपालको राजधानी काठमाण्डौमा आफु बसीरहेको जोडदार गराएको छ । के गर्ने, यस्को लेखकस्व कहिले पनि युरियामल हाले जस्तो फस्टाउन सकेन । सधैं दिन्छु दिन्छु मै यसले कति यस्ता लेखौटहरु लेखिसक्यो । सायद यो पनि संघीय लोकतान्त्रीक गणतन्त्रकै उपलब्धी हो ! मेरा मित्र गिरिधारी बेलाबेलामा मिथिलानगरीबाट राजधानीको दुर्गन्धीत वातावरणबाट अभ्यासरत रहन समय समयमा आइनै रहन्छन । एक पटक काठमाण्डौमा खानेपानी तथा ढल निकास संस्थानले बाँडेको पानीमा पानीको मात्रा कम र ढलको मात्रा अधिक भएको बेला पनि उनी आइपुगेका थिए पानीको स्वाद चाख्नलाई । एक पटक यस्तै चार पाँच वर्ष अगाडि उनी अर्थात गिरधारी भाई काठमाण्डौ आइपुगे र मसंग घुमघामका लागि निस्के । हामी दुवै दोस्त टेम्पोमा चढेर दुइचार ठाम गएम । त्यस बेला काठमाण्डौ महानगर महा फोहोर नगरको रुपमा विकसित भएको थियो र सर्बत्र फोहरको सगरमाथा ठडिएको थियो । त्यसैबेला मेरा मित्रको अनुहारमा चमक देखियो । उनको चमकदार मुहार देखेर म अचम्भीत भएं । सोधे के भयो ? किन एक्कसी चाउचाउमा घर चिठ्टा परे जस्तै गरि चम्कियौ तिमी ? गिरधारीले अर्धमुदित आंखा उघार्दै जवाफ दिए, 'कति मिठो सुगन्ध । दुध डढेको जस्तै । डढेको दुधको सुगन्धले मलाई आफ् नै तिरको चिया संझायो ।' उनले आँखा खोलेर भने, 'बरु फर्कंदा एक एक कप चिया यतै खानु पर्ला ।' उनको कुरा सुनेर मैले सफा टेम्पोको बाहिर नजर दिएं । कहि कतै केहि थिएन, सिबाय फोहरको डुंगुर बाहेक । अनि थियो त राजधानी काठमाण्डौको सहि पहिचान गराउने एकतमासको दुर्गन्ध । खै कसरि हो, त्यो दुर्गन्धलाइ मेरा मित्रको घ्राणशक्तिले डढेको दुग्धगन्धमा परिणत गऱ्यो मलाइ थाहा भएन । अनि मैले भनेको थिए गिरधारीलाई, 'यस्तो राजधानीय दुर्गन्धलाइ पनि तिम्रो घ्राणशक्तिले दुग्धगन्धका रुपमा ग्रहण गऱ्यो । वास्तवमा राजधानीमा तिमिहरु जस्ताकै खांचो छ । बरु यतै घरजम गर्न आउ ।' मेरो कुरा सुनेर उसले एकफेर अमिलो अनुहार लगायो । मैले मनमनै सोचें जेहोस नयां नेपालको नयां अनुभव मेरा मित्रले पनि अनुभव गर्न पाए । केही दिन अगाडि फेरि आइपुगे गिरधारी आँपको टोकरी बोकेर एकाबिहानै । मलाई लाग्यो यस पटक यो विषादीयुक्त तरकारी र फलफूल चाख्न आइपुग्यो । उता सधैं गिरधारीलाई देखेर झर्किने मेरी घरबुढी भने यतिखेर उसको मानमनितोमा लागेकी थिइ । यो आठौं आश्चर्य आँपको टोकरीले गरेको थियो । यदि उसको साथमा आँपको टोकरी नहुँदो हो त एक कप चिया पनि मैले नै बनाउनु पऱ्थ्यो । मैले झारे उसलाई, 'यार खबर गर्नु पर्छ आउने बेलामा म बसपार्कसम्म आउँने थिए । यतिखेर उल्टो उही नै पड्कयो, 'मलाइ एक कल फोन त गर्नुपर्छ तैले तरकारी र आँपको लागि । राजधानीमा बसेर विषादी खाएर हुन्छ सधैं ? मलाई फोन गरेको भए गाउँको फ्रेस तरकारी र आँप पठाउँथे । पत्रिकामा पढेपछि पो त मलाई थाहा भो कि यहाँ त उताका विषालु साँप भन्दा पनि विषधारी आँप र तरकारी काठमाण्डुमा बिकिरहेको छ ।' गिरधारीको कुरोले मेरो आँखाको कुनो रसाए । साथी होस त यस्तो । एककप चिया सुर्केपछि उ उठ्यो 'म हिँडे' भन्दै । 'कहाँ ?' मैले प्रश्न गर्दा उ भन्दै थियो, 'मेरो क्षेत्रका सभाषदहरुलाई थर्काउन जान्छु म अब । गोमन साँप भन्दा पनि जहरिलो तरकारी र आँपको उपचार त तिनले गर्लान नी ?'

***-समकालिन साहित्य डटकम***

---

कथा — गोपाल खनाल

## बुवाको अनुहार



भदौको बिहान थियो । आकाशमा बादलका मसिना टुक्रा तैरिरहेका थिए । गाउँका घर-आँगनमा कुशेऔंशीको चहलपहल थियो । कतै कुश भित्र्याइँदै थियो, कतै बुवाका लागि नयाँ कपडा निकालिँदै थियो । टाढाटाढाबाट छोराछोरीहरू बुवाको मुख हेर्न घर फर्किरहेका थिए । तर शहरको एक अग्लो घरको सातौं तलामा रहेको आफ्नो फ्ल्याटमा रोहनलाई भने आजको दिन अरू दिनजस्तै लागिरहेको थियो । बिहान उठ्नेबित्तिकै उसले मोबाइल समात्यो । बुवासँगको पुरानो तस्बीर खोज्यो । तस्बीरमा ऊ सानो थियो- बुवाको काँधमा बसेर हाँसिरहेको । उसले तस्बीर सामाजिक सञ्जालमा राख्यो- "Happy Father's Day, Baba! You are my hero." केही मिनेटमै सयौं लाइक र शुभकामना आए । त्यसैबेला श्रीमती मञ्जुले सोधिन्, "बुवालाई फोन गर्नुभयो ?" "अँ... गर्छु नि । अहिले अलि काम छ । बेलुका आरामले कुरा गर्छु ।" मञ्जुले केही भनिनन् । तर उनको मौनताले धेरै कुरा भनिरहेको थियो । रोहनलाई आफ्नो बाल्यकाल सम्झियो । विद्यालय जान अल्छी गर्दा बुवाले काँधमा बोकेर विद्यालय पुऱ्याउनुहुन्थ्यो । नयाँ जुत्ता माग्दा आफ्नो जुत्ता सिलाएर छोराका लागि नयाँ जुत्ता किनिदिनुहुन्थ्यो । एकपटक रोहनले सोधेको थियो, "बुवा, तपाईंले नयाँ जुत्ता किन नकिनेको ?" बुवा मुस्कुराउनुभएको थियो, "मेरो जुत्ताले मलाई विद्यालय लैजाँदैन बाबु, तिम्रो जुत्ताले तिमीलाई भविष्यतिर लैजान्छ ।" एसएलसीपछि उच्च शिक्षा अध्ययनका लागि पैसा नहुँदा बुवाले खेतको सानो टुक्रा बेच्नुभयो । रोहनले विरोध गर्दै सोधेको थियो, "जमीन किन बेच्नुभयो ?" बुवाले उसको टाउको मुसार्दै भन्नुभएको थियो, "जमीन फेरि जोड्न सकिन्छ बाबु, तर तिम्रो समय फर्केर आउँदैन ।" शहर पढ्न जाने दिन बुवाले एउटा पुरानो झोला दिँदै भन्नुभएको थियो, "झोला ठूलो छैन बाबु, तर तिम्रा सपनाहरू अट्नुपर्छ यसमा ।" त्यसपछि रोहनको जीवन बदलियो । पहिले हप्तामा फोन हुन्थ्यो । पछि महीनामा । अनि चाडपर्वमा मात्र । आमाले कहिलेकाहीं सम्झाउनुहुन्थ्यो, "बाबु, बुवालाई फोन गर न । तिम्रो आवाज सुन्न मन लाग्छ उहाँलाई ।" "अहिले मिटिङमा छु आमा, पछि गर्छु ।" - तर त्यो पछि कहिल्यै आएन । कुशेऔंशीको दिन पनि त्यस्तै भयो । दिनभरि कामको चापमा रोहनले बुवालाई फोन गरेन । बेलुका घर फर्किएपछि मञ्जुले फेरि सोधिन्, "अब फोन गर्ने ?" "भोलि गरौँला । आज निकै थाकेको छु ।" त्यसैबेला मञ्जुको मोबाइल बज्यो । गाउँबाट फोन थियो । केहीबेर कुरा गरेपछि उनको अनुहार गम्भीर भयो । "के भयो ?" रोहनले सोध्यो । "बुवालाई आज बिहानदेखि सन्चो छैन रे ।" रोहन झस्कियो । "अस्पताल लैजानुभयो ?" "अहिले घरमै हुनुहुन्छ । तर आमाले एउटा कुरा भन्नुभयो..." "के ?" मञ्जुको स्वर रोकियो । "बुवा बिहानदेखि तिम्रो बाटो हेरेर बसिरहनुभएको रहेछ । एउटै कुरा सोधिरहनुभएको थियो रे...", उनले रोहनतिर हेर्दै भनिन्, "आज मेरो बाबु आउँछ कि ?" रोहनको मुटु चसक्क भयो । उसले बिहानको आफ्नो पोस्ट खोल्यो । सयौं लाइक थिए । तर ती लाइकहरू अचानक अर्थहीन लागे । उसले आफैंलाई सोध्यो, 'संसारलाई बुवालाई माया गर्छु भनेर देखाउन सक्ने म, बुवाको अगाडि बस्न किन सक्दिनँ ?' त्यसै रात ऊ गाउँतिर लाग्यो । लामो यात्राभरि उसको आँखाअगाडि बुवाका पुराना दिनहरू घुमिरहे । बुवाको काँध, पसिनाले भिजेको कमिज, पुरानो साइकल, बेचिएको खेत र त्यो पुरानो झोला । बिहान गाउँ पुग्दा आँगन सुनसान थियो । आँगनको कुनामा पुरानो कुर्सी थियो । त्यही कुर्सीमा बुवा बसिरहनुभएको थियो । कपाल सेताम्मे भइसकेको थियो । अनुहारमा नैराश्यता थपिएका थिए । शरीर कमजोर थियो । तर छोरालाई देख्नेबित्तिकै आँखामा उज्यालो छायो । "बाबु !" रोहन दौडेर बुवाको छेउमा पुग्यो । बुवाले उसको अनुहार छोएर सोध्नुभयो, "आइस् ?" रोहनको टाउको झुक्यो, "ढिलो भयो बुवा ।" बुवाले हल्का मुस्कुराउँदै भन्नुभयो, "ढिलो त भयो... तर आइस् नि ।" त्यो एउटा वाक्यले रोहनको मनको बाँध फुट्यो । उसले बुवाको खुट्टा समात्यो, "मलाई माफ गर्नुहोस् बुवा ।""किन ?" "तपाईंका लागि समय निकाल्न सकिनँ । फोन गर्न पनि सकिनँ ।" बुवाले उसको टाउकोमा हात राख्नुभयो, "छोरा ठूलो भएपछि आफ्नै संसार हुन्छ । हामीले पनि त त्यही चाहेका थियौं ।" रोहनले आँशु पुछ्दै भन्यो, "तर तपाईंले मेरो संसार बनाउन आफ्नो संसार नै सानो बनाउनुभयो बुवा ।" बुवा केही बोल्नुभएन । रोहनले ल्याएको नयाँ कपडा अगाडि राख्यो, "यो तपाईंका लागि ।" बुवाले कपडातिर हेर्नुभयो र बिस्तारै भन्नुभयो, "मलाई कपडा चाहिएको होइन बाबु ।" "त्यसो भए के चाहिन्छ ?" बुवाले उसको हात समात्नुभयो, र भन्नुभयो, "कहिलेकाहीं यसरी आएर मेरो अगाडि बसिदेऊ । दुई कुरा गरिदेऊ । तिम्रो अनुहार हेर्न पाए पुग्छ ।" रोहनले बुवाको काखमा टाउको राख्यो । त्यो क्षण उसले पहिलोपटक कुशेऔंशीको वास्तविक अर्थ बुझ्यो । बुवाको मुख हेर्नु भनेको अनुहार हेर्नु मात्र होइन रहेछह बुवाको जीवनमा आफ्नो उपस्थिति महसूस गराउनु रहेछ । केहीबेरपछि बुवाले सोध्नुभयो, "बाबु, तेरो काम कस्तो छ ?" रोहन मुस्कुरायो, "काम त ठीकै छ बुवा । तर आज एउटा कुरा बुझें ।" "के ?" "कामका लागि समय निकाल्न सक्ने मान्छेले आफ्ना मान्छेका लागि पनि समय निकाल्नुपर्ने रहेछ ।" बुवा मुस्कुराउनुभयो, "त्यति बुझिस् भने पुग्यो ।" त्यो दिन रोहनले कुनै फोटो खिचेन । कुनै स्टाटस लेखेन । कुनै शुभकामना पोस्ट गरेन । ऊ केवल बुवाको छेउमा बसिरह्यो । बुवाले बाल्यकालका कुरा सुनाउनुभयो । रोहनले शहरका कुरा सुनायो । आमाले चिया ल्याउनुभयो । धेरै वर्षपछि त्यो घरमा पुरानै हाँसो फर्कियो । साँझ फर्कने बेला रोहनले बुवालाई अँगालो हाल्यो, "अब छिट्टै आउँछु ।" बुवाले उसको हात समात्दै भन्नुभयो, "एउटा कुरा याद राख बाबु- बुवाको मुख हेर्न एउटा दिन मात्र हुँदैन ।" रोहनको आँखामा आँशु भरियो, "अब बुझें बुवा ।" गाडी शहरतिर अघि बढ्यो । झ्यालबाट पछाडि हेर्दा बुवा आँगनमा उभिनुभएको थियो- कमजोर शरीर, सेताम्मे कपाल, तर आँखामा उही पुरानो माया । गाडी मोडपारि हरायो । तर रोहनको मनमा एउटा कुरा सधैंका लागि बस्यो- बुवाको अनुहार । त्यस दिनदेखि उसले कुशेऔंशी कुर्न छोड्यो । उसलाई थाहा भयो, बुवालाई सम्झन सामाजिक सञ्जाल चाहिँदैन । बुवालाई शुभकामना दिन एउटा विशेष दिन चाहिँदैन । बुवालाई माया गर्न महँगो उपहार चाहिँदैन । चाहिन्छ त केवल थोरै समय, केही आत्मीय शब्द र बुवाको छेउमा बसेको एउटा क्षण । किनकि कुनै दिन यस्तो पनि आउन सक्छ- हामीसँग पैसा हुन्छ, समय हुँदैन । ठूलो घर हुन्छ, तर बुवाको कुर्सी खाली हुन्छ । मोबाइलमा बुवाका सयौं तस्बीर हुन्छन्, तर बुवाको हात समात्ने हात हुँदैन । कुशेऔंशी त वर्षमा एकपटक आउँछ, तर बुवाको माया हरेक दिन हाम्रो साथमा हुन्छ ।

> *विद्यालय जान अल्छी गर्दा बुवाले काँधमा बोकेर विद्यालय पुऱ्याउनुहुन्थ्यो । नयाँ जुत्ता माग्दा आफ्नो जुत्ता सिलाएर छोराका लागि नयाँ जुत्ता किनिदिनुहुन्थ्यो । एकपटक रोहनले सोधेको थियो, "बुवा, तपाईंले नयाँ जुत्ता किन नकिनेको ?" बुवा मुस्कुराउनुभएको थियो, "मेरो जुत्ताले मलाई विद्यालय लैजाँदैन बाबु, तिम्रो जुत्ताले तिमीलाई भविष्यतिर लैजान्छ ।" एसएलसीपछि उच्च शिक्षा अध्ययनका लागि पैसा नहुँदा बुवाले खेतको सानो टुक्रा बेच्नुभयो । रोहनले विरोध गर्दै सोधेको थियो, "जमीन किन बेच्नुभयो ?"*

***-साहित्यपोष्ट डटकम***

# महिनाभर मनाउने गुँला पर्व आज सकिँदै




**पाल्पा,** भदौ २६/नेवार समुदायका बौद्ध धर्मावलम्बीहरूले महिनाभर मनाउने गुँला पर्वको आज समापन हुँदै छ । श्रद्धा र भक्तिपूर्वक मनाउँदै आएको गुँला पर्व विभिन्न धार्मिक तथा सांस्कृतिक गतिविधिसहित समापन हुन लागेको भएको हो ।

प्रत्येक वर्षको श्रावण शुक्ल प्रतिपदाबाट यो पर्व प्रारम्भ भई भाद्र शुल्क प्रतिपदाका दिन समाप्त हुन्छ । एक महिनासम्म धार्मिक स्थानमा बाजागाजासहित घुम्ने र पूजापाठ गर्ने चलन रहिआएको छ । गुँला समाप्तिका दिन हर्ष उमङ्का साथ भोज खाने चलन छ । यस भोजलाई पारु भोज पनि भनिन्छ । 'गुँला' भन्नाले गुरुले वाचन गरेको बुद्धको ज्ञान पालन गरी धर्म गर्न र बुद्धधर्मको शील पालन गरी शीलमा बसिरहनु हो । नेवारी भाषामा 'गुँ' को अर्थ 'नौ' हो भने 'ला' को अर्थ 'महिना' भएकाले नेपाल संवत्को नवौँ महिनाको तिथिमा यो पर्व मनाउने गरिन्छ । गुँला कहिलेबाट सुरु भएको भन्ने यकिन नभए पनि भाषा वंशावलीअनुसार राजा विक्रमदेवले बौद्ध अनुयायीका लागि यो पर्व चलाएका थिए भन्ने उल्लेख छ । किंवदन्तीअनुसार मञ्जुश्रीले तालका रूपमा रहेको उपत्यकाको पानी बगाएपछि यहाँ बस्ती सुरु भएको हो । उनैबाट चैत्यसेवाको पनि प्रारम्भ भएको थियो र पछि यसले नै गुँलापर्वको रूपमा लिएको भनाइ रहेको पाइन्छ । पर्व भरी हरेक दिन बिहान बाजागाजाका साथ बौद्ध धर्मावलम्बी विशेष गरी शाक्य, बज्राचार्य, मानन्धर, कंसाकार र महर्जन समुदायका व्यक्तिहरु घुम्ने गर्दछन् । गुँलामा शृङ्गभेरी अर्थात् सिङ बाजा फुकाउने चलन राजा सिद्धिनरसिंह मल्लले सुरुवात गरेको परम्परा मानिन्छ । शृङ्गभेरी कथाअनुसार मृतकको नाममा स्वयम्भू महाचैत्यमा शृङ्ग बाजा बजाई परिक्रमा गर्ने र पूजा गर्ने चलन छ । भगवान् बुद्धको जन्मस्थल लुम्बिनी कपिलवस्तुमा गुँला बाजा बजाउने चलन थियो । जुन गुँला बाजाको ताल सिद्धार्थ राजकुमारलाई निकै मन पर्दथ्यो भन्ने भनाइ छ । पछि शाक्य गणराज्यको पतन भएपछि शाक्य र कोलियाहरू काठमाडौँ उपत्यकामा आई बसोबास गरेपछि यहाँ पनि बहाबहीमा यही गुँला बाजा बजाउने परम्परा रह्यो । जुन चलन यद्यपि छँदैछ । गुँला पाल्पा, काठमाडौँका लगायतका नेवा: बस्तीहरुमा मनाउँदै आइरहेका छन् । गुँला पर्वमा धा:, न्यकू र बाँसुरीलगायत परम्परागत बाजा बजाउँदै चैत्य तथा विहारको परिक्रमा गर्ने प्रचलन रहेको छ । यस पर्वले नेवार समुदायको धार्मिक आस्था, मौलिक संस्कृति र परम्परागत संगीतको संरक्षणमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ । पर्व समापनका अवसरमा सहभागीहरूले आपसी सद्भाव, शान्ति र सुख-समृद्धिको कामना गरेका छन् । आयोजकहरूले गुँला पर्वले नयाँ पुस्तालाई आृनो मौलिक संस्कृति र परम्परासँग जोड्न महत्वपूर्ण भूमिका खेल्ने बताएका छन् ।

## भोटेकोशी बाढी : डीएनए...

...हालसम्म २६ जिल्लाबाट डिएनए प्रोफाइलिङका लागि रगतका नमुना प्राप्त भएका छन् । पछिल्लो तथ्याङ्कअनुसार शव पहिचानका लागि मृतकका एक हजार २८६ तथा आफन्तका एक हजार ४१२ गरी कुल दुई हजार ६७८ डिएनए नमुना सङ्कलन गरिएको छ । मृतकबाट सङ्कलित नमुनामध्ये चितवनबाट ३५४, धादिङबाट ७०, नुवाकोटबाट २०७, रसुवाबाट १३४, नवलपरासीपूर्वबाट १९९, तनहुँबाट ३८, गोरखाबाट ७१ र नवलपरासी पश्चिमबाट २१३ वटा नमुना सङ्कलन गरिएको प्रहरीले जनाएको छ ।यसैगरी, नेपाल प्रहरी अस्पतालमा हालसम्म ९९० मृतकका आफन्तको नमुना सङ्कलन गरिएको छ । अन्य जिल्लाबाट नमुना सङ्कलन गर्ने कार्यलाई तीव्रता दिइएको छ ।'डिएनए प्रोफाइलिङ' व्यक्तिको पहिचान पुष्टि गर्नुका साथै व्यक्तिबीचको जैविक सम्बन्ध स्थापित गर्न प्रभावकारी वैज्ञानिक विधिका रूपमा प्रयोग हुँदै आएको छ । भोटेकोशी बाढीपछि अझै सम्पर्कविहीन तथा हराइरहेका नेपाली र विदेशी नागरिकको पहिचानका लागि पनि 'डिएनए प्रोफाइलिङ'लाई विस्तार गरिएको प्रहरीले जनाएको छ ।बाढीमा फेला परेका शव तथा शरीरका अङ्गको पहिचान गर्न मृतकको नमुना र सम्भावित आफन्तको नमुनाबीच वैज्ञानिक तुलना गरी पहिचान यकीन गर्ने प्रक्रिया अघि बढाइएको छ ।यसका लागि नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले विशेष निर्देशन तथा निगरानी गरिरहेका छन् । उनले शव पहिचान तथा 'डिएनए' परीक्षणसँग सम्बन्धित सम्पूर्ण प्रक्रियालाई सूक्ष्म रूपमा अध्ययन गरी वैज्ञानिक विधि र मापदण्डअनुसार काम गर्न निर्देशन दिएको प्रहरीले जनाएको छ ।प्रहरी प्रधान कार्यालयका प्रहरी उपरीक्षक धर्मराज भण्डारीले पनि 'डिएनए' नमुना सङ्कलन, सुरक्षित भण्डारण र परीक्षण प्रक्रियालाई व्यवस्थित रूपमा अगाडि बढाइएको जानकारी दिए ।

## आज विश्व प्राथमिक उपचार...

...प्राथमिक उपचारले दुर्घटना वा आपत्कालीन अवस्थामा घाइतेको अवस्था थप गम्भीर हुन नदिन र जीवन जोगाउन महत्वपूर्ण भूमिका खेल्ने चिकित्सक तथा स्वास्थ्यकर्मीहरू बताउँछन् । सामान्य चोटपटक, रक्तस्राव, जलन, बेहोस हुने अवस्था, हड्डी भाँचिनेलगायतका घटनामा सही समयमा सही प्राथमिक उपचार दिन सकेमा जोखिम कम गर्न सकिन्छ ।नेपालमा पनि प्राथमिक उपचारसम्बन्धी ज्ञान र सीपलाई समुदायस्तरसम्म पुर्‍याउन विभिन्न संघसंस्था तथा स्वास्थ्यसम्बन्धी निकायले सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

विशेषगरी विद्यालय, सार्वजनिक स्थल, कार्यस्थल तथा विपद् जोखिमयुक्त क्षेत्रमा प्राथमिक उपचारको आधारभूत ज्ञान आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ । विशेषज्ञहरूका अनुसार प्राथमिक उपचारका नाममा गलत तरिका अपनाउँदा घाइतेको अवस्था झन् बिग्रन सक्ने भएकाले आधारभूत प्राथमिक उपचारको तालिम लिन आवश्यक छ । आपत्कालीन अवस्थामा आत्तिनुभन्दा सुरक्षित रूपमा अवस्था मूल्याङ्कन गरी आवश्यक सहयोग गर्ने र सकेसम्म छिटो स्वास्थ्य संस्थामा पुर्‍याउने उनीहरूको सुझाव छ । विश्व प्राथमिक उपचार दिवसले हरेक नागरिकलाई प्राथमिक उपचारसम्बन्धी आधारभूत ज्ञान र सीप हासिल गर्न प्रेरित गर्दै आपत्कालीन अवस्थामा जीवन बचाउने क्षमता विकास गर्न सन्देश दिने गरेको छ ।

खेलकुद समाचार

## काठमाडौंले खप्तडलाई ३-२ ले हरायो




**काठमाडौं,** भदौ २६/काठमाण्डौ रेड्सले नेपाल भलिबल लिग ( एनभीएल) को लिग चरणको खेलमा खप्तड फाल्कन्सलाई ३-२ को सेटमा पराजित गरेको छ । काठमाण्डौले खप्तडविरुद्ध पहिलो सेट १९-२५ ले गुमाए पनि दोस्रो सेटमा २५-१८ को जित निकाल्दै खेल बराबरीमा ल्याएको थियो । तेस्रो सेट २०-२५ ले खप्तडले जितेपछि काठमाण्डौ दबाबमा परेको थियो । तर चौथो सेटमा काठमाण्डौले २५-१९ को जित निकाल्दै खेल पाँचौँ तथा निर्णायक सेटमा पुर्‍यायो । निर्णायक सेटमा काठमाण्डौले १५-१३ को जित निकाल्दै ३-२ को जित हात पारेको हो । यो जितसँगै काठमाण्डौले लिग चरणमा १० अंक जोडेको छ । काठमाण्डौ यसअघि नै प्लेअफमा पुगिसकेको थियो । यसअघि बिहीबार भएको खेलमा कर्णाली शिवराजले मधेश वारियर्सलाई ३-१ को सेटमा पराजित गरेको छ । कर्णाली पनि प्लेअफमा पुगिसकेको छ । बिहीबार अर्को खेलमा अन्नपूर्ण स्पाइकर किंग्सले सगरमाथा स्म्यासर्सलाई ३-१ को सेटमा पराजित गर्दै १२ अंकसहित लिग चरणको शीर्ष स्थानमा रहेर सोझै फाइनलमा स्थान बनाएको छ । लगातार तेस्रो हार बेहोरेसँगै सगरमाथा स्म्यासर्स प्रतियोगिताबाट बाहिरिएको छ । अब फाइनल प्रवेशका लागि काठमाण्डौ रेड्स र कर्णाली शिवराजबीच आज बेलुका ६ बजे प्लेअफ खेल हुनेछ । लिग चरणमा दोस्रो र तेस्रो स्थानमा रहने टोलीले फाइनल प्रवेशका लागि प्लेअफ खेल्ने प्रावधानअनुसार यी दुई टोलीबीच प्रतिस्पर्धा हुन लागेको हो । एनभीएलको फाइनल खेल भने भोलि शनिबार हुनेछ । प्रतियोगितामा ६ टोली सहभागी छन् । पुरुष भलिबलको फ्रेन्चाइज लिग नेपालमा पहिलोपटक आयोजना भएको हो ।

वर्गीकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## बढ्यो नेप्से परिसुचक



**काठमाडौं,** भदौ २६/बुधबार र बिहीबार लगातार दोहोरो अंकले घटेको सेयर कारोबार मापक नेप्से परिसूचकमा शुक्रबार भने सुधार आएको छ । बुधबार १५ दशमलव ४३ र बिहीबार १३ दशमलव ८५ अंकले घटेको नेप्से परिसूचक शुक्रबार भने २७ दशमलव ९४ अंकले बढेको हो ।

शुक्रबार कारोबारमा आएका सबै उपसमूहको परिसूचक बढेपछि समग्र नेप्से झन्डै २८ अंकले बढेको हो । अघिल्लो कारोबार दिनको तुलनामा नेप्से १ दशमलव १० प्रतिशतले बढेपछि समग्र नेप्से २ हजार ५ सय ५९ दशमलव ४९ अंकमा पुगेर बन्द भएको हो । कारोबारमा आएकामध्ये २३७ कम्पनीको सेयर मूल्य बढ्दा ३१ वटाको घटे र ९ वटा समूहको सेयर मूल्य स्थिर छ । शुक्रबार धेरै सेयर मूल्य बढ्ने मुख्य पाँच कम्पनीमा उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड, सिन्धु विकास बैंक लिमिटेड, सर्वोत्तम पेन्ट्स इन्डस्ट्रिज लिमिटेड र एनसीसी डिबेन्चर छन् । शुक्रबार कुल ४८ हजार ६३ पटकको कारोबारमा १ करोड २० लाख ८९ हजार ७ सय ९ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ४ अर्ब ३६ करोड रुपैयाँको कारोबार भएको छ । कारोबार रकम पनि अघिल्लो कारोबार दिनको तुलनामा झन्डै ३६ करोडले बढेको छ ।

## गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं

- कुनै पनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं।

**सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई